नेपाल सरकार
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
श्रीमान सचिवज्यूको सचिवालय

www.tourism.gov.np
Email:
info@tourism.gov.np
फ्याक्स नं.:- ४२११७५८
एक्सचेन्ज नं.:- ४२११५९६, ४२११७८५, ४२११८२५, ४२११८४६, ४२११८४७, ४२११९०९
मन्त्री :- ४२११८७९
सचिव :- ४२११८७०
सह-सचिव :- ४२११६६९
४२११६२०, ४२११६२८, ४२११६२४, ४२११८१८

सिंहदरवार, काठमाडौं नेपाल ।

पत्र संख्या :०७७/०७८
च.नं :- ८२८

मितिः २०७८।०१।१५

श्री पर्यटन विभाग, भृकुटीमण्डप ।
श्री पुरातत्व विभाग, रामशाहपथ ।
श्री राष्ट्रिय अभिलेखालय, रामशाहपथ ।
श्री नेपाल प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालय, शान्तिनगर ।
श्री नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप ।
श्री नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल ।
श्री नेपाल वायुसेवा निगम, कान्तिपथ ।
श्री नारायणहिटी दरवार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन समिति, नारायणहिटी ।
श्री बृहत्तर जनकपुर क्षेत्र विकास परिषद, जनकपुर ।
श्री पशुपति क्षेत्र विकास कोष, वनकाली ।
श्री लुम्बिनी विकास कोष, लुम्बिनी ।
श्री नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी ।
श्री नेपाल नाट्य तथा संगीत प्रज्ञा प्रतिष्ठान, छाउनी ।
श्री नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नक्शाल ।
श्री नेपाल पर्यटन तथा होटल व्यवस्थान प्रतिष्ठान, रविभवन ।
श्री नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, विजुली बजार ।
श्री साँस्कृतिक संस्थान, जमल ।
श्री भाषा आयोग, शंखमूल ।
देवघाट क्षेत्र विकास समिति, देवघाट ।
पाथिभरा क्षेत्र विकास समिति, ताप्लेजुङ ।
तारागाउँ विकास समिति, अनामनगर ।
बौद्धनाथ क्षेत्र विकास समिति, बौद्ध ।
बौद्ध दर्शन प्र. तथा गुम्बा विकास समिति, पुल्चोक ।
वृहत्तर वराह क्षेत्र विकास समिति, सुनसरी ।
पाटन संग्रहालय विकास समिति, पाटन ।
हनुमानढोका दरवार संग्रहालय वि. स., हनुमानढोका ।
मनकामना क्षेत्र विकास समिति, गोरखा ।
पंचाङ्ग निर्णयक समिति ।
हलेसी महादेवस्थान विकास समिति, खोटाङ ।

**विषयः निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) बैठक संख्या ३।०७८ मिति २०७८।१।१३ को निर्णयानुसार सम्बद्ध सबै मन्त्रालय, विभाग, कार्यालय, कोष, प्राधिकरण, निगम, प्रतिष्ठान, परिषद, अभिलेखालय, आयोग, संस्थान, समिति लगायतका निकायहरुमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले निषेध आदेश जारी गरेको अवस्थामा देहाय अनुसार हुनेगरी नियमित कार्य संचालन गर्नु गराउनु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७८।१।१५ को निर्णयानुसार अनुरोध छ ।

१. प्रमुख जिल्ला अधिकारीले निषेध आदेश जारी गरेका जिल्लाका कार्यालयमा अनावश्यक भिडभाड हुन नदिन अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालय बाहेक अन्य कार्यालयका प्रमुखले आलोपालो पद्दति अनुसार कर्मचारि खटाई काम सुचारु राख्ने । घरबाटै गर्न सकिने कामको हकमा Work From Home को व्यवस्था गरी त्यस्ता कर्मचारीको हकमा सम्बन्धित कार्यालय प्रमुखले कोभिड काज जनाउने ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्रीमान सचिवज्यूको सचिवालय

www.tourism.gov.np
Email:
info@tourism.gov.np
फयाक्स नं.:- ४२११७५८
एक्सचेन्ज नं.:- ४२११५९६, ४२११७८५,४२११८२५, ४२११८४६, ४२११८४७, ४२११९०९
मन्त्री :- ४२११८७९
सचिव :- ४२११८७०
सह-सचिव :- ४२११६६९ ४२११६२०, ४२११६२८, ४२११६२४, ४२११८१८

पत्र संख्या :०७७/०७८
च.नं :-

सिंहदरवार, काठमाडौं नेपाल ।

२. रा.प.द्वितीय श्रेणी सम्मका कर्मचारीहरुलाई सम्बन्धित महाशाखा प्रमुख, विभागीय प्रमुख, कार्यालय प्रमुखहरुले आलोपालो गरी कार्यालय संचालन गर्ने व्यवस्था मिलाई सो को विवरण प्रशासन महाशाखालाई उपलब्ध गराउने ।

३. कर्मचारीहरु कार्यालय उपस्थित नभएको दिन Work From Home को अवधारणा अनुसार कामकाज गराउने । महाशाखा/विभागीय/कार्यालय प्रमुखबाट बोलावट भएमा कार्यालयमा उपस्थित हुनुपर्ने । Work From Home अवधारणा बमोजिम घरमै बसी कामकाज गर्ने कर्मचारीको हकमा छुट्टै हाजिर र रजिष्टर खडा गरी अभिलेख राख्ने ।

४. कर्मचारीहरुलाई आलोपालो Work From Home अवधारणा अनुसार कामकाज गराउँदा महाशाखा/शाखा/ विभागको कामकाजमा असर नपर्ने गरी व्यवस्था मिलाउने ।

५. कार्यालयमा हुलाक वा व्यक्तिबाट आउने चिठीपत्रहरु अत्यन्त जरुरी पत्रहरु बाहेक अन्य पत्रहरु सुरक्षित साथ संकलन गरी अर्को दिनमात्र दर्ता गर्ने व्यवस्था गर्ने ।

६. कार्यालयको लागि आवश्यक स्यानिटाइजर र मास्क आवश्यकता अनुसार मौज्दातमा राख्ने ।

प्रेम सुवेदी
उपसचिव